# मुसिकोट नगरपालिकाको ब्याक-हो-लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

| | |
|---|---|
| कार्यपालिकाबाट स्वीकृत मितिः- | २०८२।०९।३० |

मुसिकोट नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वामीटक्सार, गुल्मी ।

# ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन गर्न बनेको कार्यविधि, २०८२

**प्रस्तावना**

मुसिकोट नगरपालिकाले खरिद गरेको ब्याक हो लोडर विभिन्न व्यक्ति, समूह, समिति, संस्था वा निकायलाई भाडामा उपलब्ध गराउँदा अवलम्बन गर्नुपर्ने विधि र प्रकृया सुनिश्चित गर्न साथै यसको परिचालन र व्यवस्थापनलाई व्यवस्थित, प्रभावकारी एवम् पारदर्शी बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस कार्यविधिको नाम "ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ।

ख) यो कार्यविधि नगर कार्यपालिकाबाट निर्णय भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा**

**बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

क "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई जनाउँछ।

ख "नगरपालिका" भन्नाले मुसिकोट नगरपालिकालाई जनाउँछ।

ग "सभा" भन्नाले मुसिकोट नगरपालिकाको नगरसभालाई जनाउँछ।

घ "कार्यपालिका" भन्नाले मुसिकोट नगरपालिकाको नगर कार्यपालिकालाई जनाउँछ।

ङ "कार्यालय" भन्नाले मुसिकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई जनाउँछ।

च "प्रमुख" भन्नाले मुसिकोट नगरपालिकाका नगर प्रमुखलाई जनाउँछ।

छ "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मुसिकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ।

ज "कार्यविधि" भन्नाले "मुसिकोट नगरपालिकाको ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि , २०८२" लाई जनाउँछ।

झ "कोष" भन्नाले यस कार्यविधि बमोजिम स्थापना भएको ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन कोषलाई जनाउँछ।

ञ "समिति" भन्नाले ब्याक हो लोडर परिचालन गर्न यस कार्यविधि बमोजिम गठन भएको समितिलाई जनाउँछ।

ट "ब्याक हो लोडर" भन्नाले विकास निर्माण सम्बन्धी काम गर्न प्रयोग गरिने नगरपालिकाले खरिद गरेको हेभि मेशिनरी उपकरणलाई जनाउँछ। यस कार्यविधिमा ब्याक हो लोडरलाई "मेशिन" समेत सम्झनुपर्छ।

ठ "धरौटी" भन्नाले कुनै काम सम्पन्न नभएसम्मका लागि जमानत वापत राखिएको रकमलाई जनाउँछ।

ङ "अपरेटर" भन्नाले नगरपालिकाले सेवा करारद्धारा नियुक्त गरेको ब्याक हो लोडरको चालक (अपरेटर) र सह चालक (सहायक अपरेटर) लाई सम्झनुपर्दछ ।

**३. उद्देश्य**

यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः

क) नगरपालिकाको ब्याक हो लोडरको उचित एवं व्यवस्थित परिचालन तथा उपयोग गर्न सहयोग पुऱ्याउनु.

ख) ब्याक हो लोडरको प्रयोगमा मितव्ययीता र पारदर्शीता मार्फत नगरपालिकाको आन्तरिक आय अभिवृद्धि गर्नु,

ग) ) ब्याक हो लोडर परिचालनबाट प्राप्त हुने आम्दानीको कुशल व्यवस्थापन गर्नु,

घ) नगरपालिकाबाट सञ्चालन हुने विकास आयोजनाको व्यवस्थापनमा दक्षता हासिल गर्नु,

ङ) ब्याक हो लोडरलाई प्राथमिकताका आधारमा परिचालन गर्नु,

च) ब्याक हो लोडरको मर्मत संभार, संरक्षण र दिर्घकालीन उपयोग गर्नु।

**४. ब्याक हो लोडर प्रयोगको क्षेत्र र प्राथमिकताक्रम**

ब्याक हो लोडरको प्रयोगको क्षेत्र र प्राथमिकताक्रम देहाय बमोजिम हुनेछः

(१) प्रमुख, उपप्रमुख वा अनुगमन समितिबाट स्थलगत निरीक्षण भई अत्यावश्यक भनी किटान गरिएको क्षेत्र तथा नगर सडक यातायात गुरुयोजना (MTMP) मा समावेश भएका सडकहरुको ट्र्याक खोल्ने र मर्मत संभार गर्ने कार्यलाई पहिलो प्राथमिकता दिई कार्य गरिनेछ ।

(२) उपदफा (१) का अतिरिक्त देहायको प्राथमिकता बमोजिम ब्याक हो लोडर प्रयोग हुनेछः

क) विपद् व्यवस्थापन तथा उद्दार सम्बन्धी कार्यमा

ख) फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा

ग) नगरक्षेत्रमा नगरपालिकाबाट, सञ्चालन भएका विकास आयोजना सम्बन्धी कार्यमा

घ) नगरक्षेत्रमा उपभोक्ता समितिबाट कार्यान्वयन गरिएका विकास आयोजनाको कार्यमा

ङ) नगरक्षेत्रभित्रका सरकारी तथा गैरसरकारी संस्था वा निकायबाट सञ्चालित विकास आयोजना सम्बन्धी कार्यमा

च) नगरक्षेत्रका निर्माण व्यवसायीलाई भाडामा उपलब्ध गराउँदा

छ) अन्य समुदाय, समूह वा व्यक्तिले माग गरेको अवस्थामा भाडामा उपलब्ध गराउँदा

ज) व्यक-हो-लोडर परिचालन समितिले निर्णय गरे अनुसार अन्य सार्वजनिक निर्माण, मर्मत-सुधार र अत्यावश्यकीय सहयोग तथा समुदायसित साझेदारीका योजनाहरुमा

झ) आयोजनाको लक्षित स्थानसम्म पुग्नेगरी निर्माणकार्य हुँदै गर्दा विविध समस्याका कारण अनुमानित लागतले नभ्याएर अलपत्र/अधुरो रहेका र वस्तीबाट सामुहिक माग भएका ठाउँमा ।

नगर प्रमुख

५. ब्याक हो लोडर सञ्चालनका लागि जनशक्ति

(१) ब्याक हो लोडर सञ्चालनका लागि एक अपरेटर र एक सहायक अपरेटर रहनेछन।

(२) अपरेटरको नियुक्ति नगरपालिकाको करार कर्मचारी व्यवस्थापन गर्नेसम्बन्धी कार्यविधि बमोजिम हुनेछ।

(३) अपरेटरको तलब सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ।

(४) पारिश्रमिकका अतिरिक्त ब्याक हो लोडर सञ्चालन भएको अवधिको प्रतिघण्टाका दरले अपरेटरका लागि रु २०० (दुई सय रुपैयाँ) र सहायक अपरेटरका लागि रु १०० (एक सय रुपैयाँ) भत्ता वापत उपलब्ध गराइनेछ। कुनै व्यक्ति, फर्म, समिति, व्यवसायी लगायतले नगरपालिकाको ब्याक हो लोडर प्रयोग गर्दा सोही दरमा अपरेटर तथा सहायक अपरेटर भत्ता उपलब्ध गराउनुपर्नेछ। यस्तो भत्ता भुक्तानी नदिएको प्रमाणित भएमा कार्यालयले निजहरुबाट असूल उपर गर्न सक्नेछ।

(५) अपरेटरको कर्तव्य र जिम्मेवारी करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।यसका अतिरिक्त समिति वा कार्यालयले छुट्टै कार्यशर्त सहित अपरेटरको जिम्मेवारी तोक्न र आचारसंहिता बनाई पालना गर्न लगाउन सक्नेछ।

(६) अपरेटरले कार्यालयले दिएको कार्यविवरण सम्झौता कार्यशर्त आचारसंहिता तथा निर्देशन विपरीत काम गरी कार्यालयलाई हानी नोक्सानी हुन गएमा एकतर्फी रुपमा करार सम्झौता रद्द गरी हानी नोक्सानी वापतको क्षतिपूर्ति समेत निजबाट असूल उपर गरिनेछ।

६. ब्याक हो लोडर सञ्चालन वापतको भाडा वा शुल्क

ब्याक हो लोडर भाडामा उपलब्ध गराए वापत भाडा वा शुल्क देहाय बमोजिम निर्धारण गरिनेछः

(१) ब्याक हो लोडरको भाडा वा शुल्क नगरपालिकाको आर्थिक ऐनमा व्यवस्था गरी निर्धारण गरे बमोजिम हुनेछ।

(२) आर्थिक ऐनमा व्यवस्था नभएसम्मका लागि देहाय बमोजिम भाडा वा शुल्क लिई मेशिन उपलब्ध गराउन सकिनेछः

(क) फर्म, कम्पनी वा व्यवसायीको हकमा जिल्ला दररेट अनुसार र

(ख) नगर विकास आयोजना, नगरभित्रका उपभोक्ता समिति, टोल विकास संस्था, सरकारी निकाय, सामुदायिक विद्यालय, मठमन्दिर आदिको हकमा जिल्ला दररेटको आधारमा तयार गरिएको स्थानीय दररेट अनुसार।

(३) यसरी भाडा निर्धारण भएकोमा सोको निर्णय नगरसभाबाट अनुमोदन गराउनुपर्नेछ।

(४) ब्याक हो लोडर भाडामा प्रयोग गर्दा इन्धन वापत लाग्ने सम्पूर्ण खर्च सम्बन्धित प्रयोगकर्ताले व्यहोर्नुपर्नेछ।

## ७. नगरपालिकाले ब्याक हो लोडर प्रयोग गर्दा अपनाउनुपर्ने प्रक्रिया

नगरपालिकाले आफ्नो क्षेत्रभित्र ब्याक हो लोडर सञ्चालन गर्दा देहायको प्रक्रिया पूरा गर्नुपर्नेछः

(१) नगरपालिका अन्तर्गतका सडकहरुको मर्मत संभार तथा पूर्वाधार विकास सम्बन्धी कार्यमा प्रयोग गर्नुपर्ने भएमा ब्याक हो लोडर प्रयोग हुने सम्बन्धित वडा कार्यालयले प्रयोजन खुलाई कार्यालयमा सिफारिस गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस प्राप्त भएपछि तोकिएको प्राविधिक कर्मचारीले स्थलगत नापजाँच गरी लागत अनुमान तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराउनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम स्वीकृत लागत अनुमान दफा १० बमोजिमको ब्याक हो लोडर परिचालन समितिको बैठकमा पेश भई निर्णय भएपश्चात अनुसूची २ बमोजिमको ढाँचामा योजना शाखा प्रमुखले ब्याक हो लोडर फिल्डमा खटाउने कार्यादेश उपलब्ध गराउनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम ब्याक हो लोडर फिल्डमा खटाइएकोमा अपरेटरले फिल्डमा काम शुरु हुनुपूर्व र काम सम्पन्न भएपश्चातका तस्वीरहरु, कामको विवरण र मिटरको अद्यावधिक अभिलेख उल्लेख भएको लगबुक अनुसूची ५ बमोजिम भरी योजना शाखामा पेश गर्नुपर्नेछ।

(५) योजना शाखा तथा प्राविधिक शाखाले यस दफा बमोजिमका सम्वद्ध अभिलेखहरु सुरक्षित गरी राख्नुपर्नेछ।

(६) कार्यालयले ब्याक हो लोडर प्रयोग गरी काम गर्नुपर्ने भएमा उक्त काम गर्नुपूर्व प्राविधिक कर्मचारी पठाई फिल्डको अवस्था यकीन गरी ब्याक हो लोडर प्रयोग गर्न उपयुक्त र आवश्यक रहेको भनी प्रतिवेदन पेश भए बमोजिम गर्नुपर्नेछ। प्राविधिक प्रतिवेदनमा लागत अनुमान समेत समावेश गर्नुपर्नेछ।

(७) कार्यालयले प्राविधिक प्रतिवेदनका आधारमा ब्याक हो लोडर परिचालन गर्दा हुने इन्धन खर्चको बील भुक्तानी लगबुक र प्राविधिक मूल्याङ्कन प्रतिवेदनका आधारमा हुनेछ। प्राविधिक मूल्याङ्कनमा ब्याक हो लोडर प्रयोग भएको समय अनिवार्य उल्लेख गर्नुपर्नेछ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नगरक्षेत्रभित्र विपदको कारण अवरुद्ध सडक सुचारु गर्न एवं विपद व्यवस्थापन तथा उद्दारका कार्यमा तत्काल प्रयोग गर्न अत्यावश्यक भएमा प्रमुखको आदेशमा ब्याक हो लोडर फिल्डमा खटाई यस दफा बमोजिमको प्रकृया पूरा गरी अभिलेख राख्न बाधा पर्नेछैन।

(९) नगरपालिकाको कामका लागि ब्याक हो लोडर प्रयोग गर्नुपर्दा कामको विवरण अद्यावधिक गरी लगत खडा गर्नुपर्नेछ। अभिलेख अद्यावधिकका लागि कार्यालयले आवश्यक फारामहरुको विकास गरी प्रयोगमा ल्याउन सक्नेछ।

## ८. ब्याक हो लोडर भाडामा उपलब्ध गराउँदा अपनाउनुपर्ने विधि

(१) ब्याक हो लोडर भाडामा माग गर्ने व्यक्ति वा संस्थाले अनुसूची १ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ।

(२) पेश भएको निवेदन उपर प्रमुख प्रशासकीय अधिकृतको आदेश भएपश्चात निवेदकबाट माग भएको समयावधिका आधारमा हुन आउने रकम माग गर्नेले अग्रीम रुपमा कार्यालयको राजस्व शाखा वा तोकिएको बैंकमा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रकृया पूरा भएपछि योजना शाखाले नगरपालिकाको विकास निर्माणको काम प्रभावित नहुने गरी प्राप्त निवेदन दर्ताको पहिलो क्रमानुसार यस कार्यविधि बमोजिमको प्राथमिकताक्रम अनुरुप हुनेगरी अनुसूची २ को ढाँचामा ब्याक हो लोडर फिल्डमा खटाउनका लागि कार्यादेश उपलब्ध गराउनुपर्नेछ।

(४) ब्याक हो लोडर अपरेटर वा सहायकलाई कार्यालयको लिखित आदेश विना कुनैपनि स्थानमा फिल्डमा काम गर्ने गराउने अधिकार रहनेछैन।

(५) फिल्डमा काम गर्ने क्रममा निवेदकले कार्यादेशभन्दा बढी समय काम गराउनुपर्ने भएमा ब्याक हो लोडर अपरेटरले तत्काल प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतलाई सम्पर्क गरी थप समय वापतको रकम निवेदकबाट कार्यालय वा तोकिएको बैंकमा अग्रीम रुपमा जम्मा गर्न लगाई थप कार्यादेश लिएपछि मात्र ब्याक हो लोडर सञ्चालन गर्नुपर्नेछ।

(६) नगरपालिकाबाट स्वीकृत आयोजनाहरु ठेक्का वा उपभोक्ता समिति मार्फत सञ्चालन गर्दा ब्याक हो लोडर माग भई प्रयोग गरेवापत सम्बन्धित प्रयोगकर्ता समिति वा फर्मका आयोजनाबाट बील भुक्तानी हुँदा सो बीलबाट लोडर प्रयोग बापतको शुल्क कार्यालयले कट्टी गरी बाँकी रकम भुक्तानी दिन सक्नेछ।

(७) ब्याक हो लोडर फिल्डमा खटाउँदा कार्यालय कम्पाउण्डदेखि काम सम्पन्न गरी कार्यालयमा फिर्ता भएसम्मको समयको गणना गरी निर्धारित शुल्क प्रयोगकर्ताले बुझाउनुपर्नेछ।

(८) ब्याक हो लोडर फिल्डमा खटिई तोकिएको समयभन्दा अगावै काम सम्पन्न भएको कारणले प्रयोगकर्ताको धरौटी रकम सञ्चित रहेको खण्डमा अपरेटर तथा प्राविधिक कर्मचारीको सिफारिसका आधारमा प्रमुख प्रशासकीय अधिकृतको आदेशबाट सञ्चित समय वापत हुन आउने रकम निवेदकले माग गरेको सात दिनभित्र फिर्ता गरिनेछ।

(९) ब्याक हो लोडर प्रयोग गर्नुपूर्व कार्यालय र भाडामा लिनेबीच अनुसूची ३ बमोजिमको सम्झौता गर्नुपर्नेछ। भाडामा लिने व्यक्ति वा संस्थाले भाडामा रहेको सम्पूर्ण अवधिभर ब्याक हो लोडरको सुरक्षाको जिम्मा लिनुपर्नेछ।

(१०) अपरेटरले सम्पन्न भएको कामको विवरण र मिटरको अद्यावधिक अभिलेख (लगबुक सहित) कार्यालय समक्ष पेश गर्नुपर्नेछ। कामको प्रकृति अनुसार फिल्ड परीक्षण गरी प्राविधिक शाखा प्रमुख वा तोकिएको प्राविधिकले लगबुक सिफारिस गरी प्रमाणित गराई राख्न प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ।

नगर प्रमुख

**९. ईन्धन तथा मर्मत सम्बन्धी व्यवस्था**

(१) ब्याक हो लोडर अपरेटरले इन्धन तथा लुब्रिकेन्टस माग गर्दा कार्यालयले तोकेको माग फाराम भरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ। इन्धन र लुब्रिकेन्टस खपतको अद्यावधिक लगत र लगबुक इन्जिनियरको सिफारिससहित पेश गर्नुपर्नेछ।

(२) इन्धन, लुब्रिकेन्टस र मर्मत सम्बन्धी सम्पूर्ण कार्यको लगत विवरण र अभिलेखहरु कार्यालयको जिन्सी शाखामा अद्यावधिक गरी राखिनेछ।

(३) ब्याक हो लोडर बिग्रिई सञ्चालन गर्न नसकिने अवस्थाको जानकारी आफुलाई हुनासाथ अपरेटरले अनुसूची ४ बमोजिमको ढाँचामा मर्मत निवेदन फाराम भरी कार्यालयमा लिखित जानकारी गराउनुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको जानकारी प्राप्त भएपछि कार्यालयको जिन्सी शाखाले ब्याक हो लोडरलाई मर्मत केन्द्रमा चेकजाँच गराई मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण (Detailed Cost Estimate) माग गरी मेकानिकल इन्जिनियरको सिफारिससहित पेश गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराई मर्मतसम्बन्धी कार्य गर्नुपर्नेछ। एक पटकमा पचास हजार रुपैयाँ भन्दा बढीको मर्मत गर्नुपर्ने भएमा दफा १० बमोजिमको समितिबाट मर्मत गर्ने निर्णय भएपछि मात्र मर्मत कार्य गरिनेछ। लागत अनुमान स्वीकृत नगराई मर्मतसम्बन्धी कार्य गर्न पाइनेछैन।

(५) मर्मतसम्बन्धी कार्य गराउँदा अपरेटर वा इन्जिनियर वा जिन्सी शाखाका कर्मचारी मर्मत केन्द्रमा रहनुपर्नेछ।

**१०. कोष सम्बन्धी व्यवस्था**

(१) नगरपालिकामा ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापनका लागि एउटा कोष स्थापना गरिनेछ। यस्तो कोषमा देहाय बमोजिमको रकम आम्दानी बाँधिनेछः

क) ब्याक हो लोडर सञ्चालन वापतको सबै प्रकारको आम्दानी

ख) नगरसभाबाट कोषका लागि विनियोजन भएको रकम।

(२) कोषको सञ्चालन र व्यवस्थापन सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

(३) कोषको छुट्टै खाता रहनेछ। कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र कार्यालयको आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(४) कोषमा जम्मा भएको रकमबाट देहाय बमोजिमको कार्यमा खर्च गर्न सकिनेछः

क) अपरेटरको तलब तथा भत्ता वापतको रकम

ख) इन्धन वापतको खर्च

ग) मेशिन मर्मत र पाटपूर्जाको खरिदको खर्च

घ) मेशिन प्रयोग गरे वापत तिर्नु बुझाउनुपर्ने कर

ङ) ब्याक हो लोडर परिचालन समितिको बैठकको खाजा खर्च

नगर प्रमुख

च) मेशिन सञ्चालनका क्रममा आइपर्ने विविध तथा भैपरी खर्च

छ) नगरसभा वा कार्यपालिका बैठकले निर्णय गरी तोकेका कार्यमा हुने खर्च।

(५) प्रचलित कानुन बमोजिम कोषको लेखापरीक्षण गराउनुपर्नेछ।

(६) प्रत्येक आर्थिक बर्षको अन्त्यमा कोषको रकम नगरपालिकाको आन्तरिक आयका रुपमा सञ्चित कोषमा आम्दानी बाँधिनेछ।

**११. ब्याक हो लोडर परिचालन समिति गठन**

(१) नगरपालिकाको ब्याक हो लोडर सञ्चालन र व्यवस्थापनका लागि देहायको समिति रहनेछः

| | |
|---|---|
| क) प्रमुख | -संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| ग) पूर्वाधार विकास समितिका संयोजक | -सदस्य |
| घ) योजना शाखा प्रमुख | -सदस्य |
| ङ) प्राविधिक शाखा प्रमुख वा ईन्जिनियर | -सदस्य |
| च) जिन्सी शाखा प्रमुख | - सदस्य -सचिव |

(२) समितिले आवश्यक परेको खण्डमा कुनै पदाधिकारी, कर्मचारी, विषयक्षेत्रसँग सम्बन्धित विज्ञ, व्यक्ति वा संस्थालाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक कम्तिमा महिनामा दुई पटक बस्नेछ। आवश्यकता र विशेष परिस्थिति परेमा आकस्मिक रुपमा जतिसुकै पटक पनि बैठक बस्न सक्नेछ। ब्याक हो लोडर प्रयोग भएको मासिक अवधिको विवरण र कोषको यथार्थ अवस्था समितिको बैठकबाट अनुमोदन गराउनुपर्नेछ।

(४) समितिको बैठकको गणपूरक संख्या दुई तिहाई हुनेछ। बैठकमा बहुमत सदस्यको निर्णय मान्य हुनेछ।

(५) आकस्मिक वा अत्यावश्यक भई सार्वजनिक विदाको दिन वा कार्यालय समयभन्दा अघि वा पछि बैठक बस्नु परेको अवस्थामा प्रचलित मापदण्ड बमोजिम बैठक भत्ता उपलब्ध गराउन सकिनेछ। बैठकमा खाजा उपलब्ध गराइनेछ। यस्तो बैठक भत्ता र खाजा वापतको खर्च रकम कोषबाट व्ययभार हुनेछ।

**१२. समितिको काम, कर्तव्य र अधिकार**

ब्याक हो लोडर परिचालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) यस कार्यविधि बमोजिम ब्याक हो लोडर व्यक्ति, संस्था, समिति आदिलाई भाडामा उपलब्ध गराउने।

(२) मर्मत संभार गर्नुपर्ने वा मेशिनको पाटपूर्जा फेर्नुपर्ने भएमा कार्यालयलाई सिफारिस गर्ने।

(३) अपरेटरको कार्यजिम्मेवारी अनुरुप कामको समीक्षा गर्ने। आवश्यकता अनुसार अपरेटरको आचारसंहिता बनाई लागू गर्ने।

(४) मेशिन सञ्चालन सम्बन्धी समग्र कार्यको प्रगति र कोषको आय व्ययको समीक्षा गर्ने।

(५) मेशिनको परिचालनलाई थप सहज, व्यवस्थित एवं प्रभावकारी बनाउने सम्बन्धमा अध्ययन गरी उपयुक्त उपायहरु सिफारिस गर्ने ।

(६) कोष वृद्धि गर्न एवं कोषको मितव्ययी, पारदर्शी एवं नतिजामूलक व्यवस्थापन गर्न समीक्षा र पहल गर्ने ।

(७) मेशिन सञ्चालनको एकीकृत विवरण, कोषको आय व्ययको यथार्थ विवरणका साथै प्रतिवेदन एवं सिफारिस कार्यपालिका बैठकमा पेश गर्ने ।

**१३. विविध**

(१) मेशिन कार्यालयको पूर्ण नियन्त्रणमा हुनेछ ।प्राविधिक शाखा प्रमुख वा तोकिएको इन्जिनियर र जिन्सी शाखा प्रमुखले मेशिन उपयुक्त र चालु अवस्थामा राख्न ध्यान दिनुपर्नेछ ।

(२) मेशिनको माईलमिटर लगायत आधारभूत कार्यहरु अद्यावधिक राख्ने जिम्मेवारी मेशिन अपरेटरको हुनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतले यस कार्यविधि बमोजिम आफूलाई प्राप्त मध्ये सबै वा केही अधिकार मातहतको कुनै अधिकृत कर्मचारीलाई प्रदान वा प्रत्यायोजन गर्न सक्नेछ ।

**१४. संशोधन, खारेजी र बचाउ**

(१) नगर कार्यपालिकाबाट यस कार्यविधिमा आवश्यक संशोधन गर्न सकिनेछ । कार्यालयले कार्यविधिको अनुसूचीहरुमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।

(२) कार्यविधिको कार्यान्वयनका क्रममा कुनै किसिमको द्विविधा भएमा वा बाधा आइपरेमा कार्यविधिको ब्याख्या गर्ने वा त्यस्तो बाधा अडकाउ फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ ।

(३) यस अघि भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

नगर प्रमुख

अनुसूची १

दफा ८ को उपदफा(१) सँग सम्बन्धित

**माग निवेदन फाराम**

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मुसिकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
वामीटक्सार, गुल्मी।

विषयः ब्याक हो लोडर उपलब्ध गराइपाउँ।

महोदय,

यस नगरपालिकाको ब्याक हो लोडर तपशीलमा उल्लेख भएको कामको लागि आवश्यक परेकोले नियमानुसार लाग्ने शुल्क लिई उपलब्ध गराइदिनुहुन ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२ को दफा ८ बमोजिम यो निवेदन पेश गरेको छु।

**क. माग गर्नेको तर्फबाट**

| माग गर्ने व्यक्ति संस्था समूह समिति फर्म वा कम्पनी | कामको संक्षिप्त विवरण | मेशिन प्रयोग हुने स्थान | मेशिन प्रयोग हुने अनुमानित समय | कैफियत |
|---|---|---|---|---|
| | | | | |

निवेदक वा प्रयोगकर्ताको

दस्तखतः

नामः

पदः

ठेगानाः

मोबाइल नं

(संस्थागत भए संस्थाको छाप)

**ख. कार्यालयको तर्फबाट (योजना तथा प्राविधिक शाखाले भर्ने)**

| कार्यालयबाट खटिने स्थानसम्म लाग्ने अनुमानित समय | माग गरिएको समय र दिन | काममा लाग्ने अनुमानित समय | अनुमानित समय अनुसार अनुमानित शुल्क | जम्मा गर्नुपर्ने शुल्क |
|---|---|---|---|---|
| | | | | |

....................................
प्राविधिक शाखा प्रमुख

..............................
योजना शाखा प्रमुख

**ग. राजस्व शाखाले भर्नेः**

| रसिद नं र मिति | जम्मा गरिएको रकम | रकम बुझ्नेको सही |
|---|---|---|
| | | |

.............................
स्वीकृत गर्ने

अनुसूची २

दफा ७ को उपदफा (३) तथा दफा ८ को उपदफा (३) सँग सम्बन्धित

**विषय: स्वीकृति/कार्यादेश प्रदान गरिएको।**

श्री.................................................................................................. को मिति............................... को माग निवेदन बमोजिम समिति/कार्यालयको मिति................................................. को निर्णयानुसार ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ को अधीनमा रही यो स्वीकृति/कार्यादेश प्रदान गरिएको छ।

| मेशिन प्रयोग हुने क्षेत्र वा वडा | नगरपालिकाबाट उक्त स्थानसम्म पुग्ने अनुमानित समय | कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय | जम्मा गरेको शुल्क | कैफियत |
|---|---|---|---|---|
| | | | | |

.................................

**योजना शाखा प्रमुख**

अनुसूची ३

दफा ८ को उपदफा (९) सँग सम्बन्धित

**ब्याक-हो-लोडर प्रयोग सम्बन्धी सम्झौता पत्र**

मुसिकोट नगरपालिका (यसपछि पहिलो पक्ष भनिने) र ........................जिल्ला........................ गा.पा./न.पा को वडा नं.............................. स्थायी ठेगाना भएका श्री.................................. (यसपछि दोस्रो पक्ष भनिने) का बीच मिति.................................. गते दोस्रो पक्षले पहिलो पक्षको ब्याक हो लोडर भाडामा लिनका लागि तपशीलका शर्तहरुको अधिनमा रही पहिलो पक्षले दोस्रो पक्षलाई सेवा उपलब्ध गराउन मञ्जुर भई यो सम्झौता गरी दुवै पक्षले एक एक प्रति लियौं दियौं ।

तपशील

१) आयोजनाको नामः

२) आयोजना स्थलः

३) आयोजना संचालन हुने स्थानः

४) आयोजनाको कूल लागतः

५) लागत व्यहोर्ने स्रोतः

६) ब्याक हो लोडर सञ्चालन गर्ने कार्यदिनः

७) ब्याक हो लोडर सञ्चालन गर्ने कार्यदिनः

८) ब्याक हो लोडर सञ्चालन गर्ने अवधिः मिति........................ देखि.......................... सम्म

९) जम्मा गरेको धरौटी रकम रु ................

**१०) सम्झौताका शर्तहरुः**

क) दोस्रो पक्षले सम्झौतामा तोकिएको आयोजनामा तोकिएको कार्यदिनका लागि मात्र ब्याक हो लोडर उपयोग गर्नुपर्नेछ ।

ख) ब्याक हो लोडर अपरेटर र सहयोगीको सुरक्षा प्रबन्ध दोस्रो पक्षले गर्नुपर्नेछ ।

ग) ब्याक हो लोडर सञ्चालन अवधिमा प्रयोग हुने इन्धन मोविल ग्रीज आदि आयोजना स्थलसम्म ल्याउने लैजाने व्यवस्था दोस्रो पक्षले गर्नुपर्नेछ ।

घ) ब्याक हो लोडर सञ्चालन वा उपयोग सम्बन्धी कार्यको अनुगमन पहिलो पक्षबाट जुनसुकै समयमा हुन सक्नेछ ।

ङ) ब्याक हो लोडर अपरेटरले भरेको मेशिन सञ्चालनको लगबुक दोस्रो पक्षले समेत प्रमाणित गर्नुपर्नेछ ।

अनुसूची ६

दफा ८ को उपदफा (७) सँग सम्बन्धित

**ब्याक हो लोडर सञ्चालनको मिटर बुक**

**भाडामा दिने लिने सम्झौता भएपछि मेशिन छुटेको स्थानदेखि कार्यक्षेत्रबाट नफर्कदासम्म**

**ब्याक हो लोडर चलेको मिटरबुक**

| क्र सं | कामको विवरण | मिति | मेशिन चलेको अवधि | | मिटर रेकर्ड | | किमि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | | |
| | | | | | | | | |

नगर प्रमुख

च) मेशिन सञ्चालनका क्रममा विवाद सिर्जना भई कार्य सञ्चालन गर्न नसकिने अवस्था भएमा, मेशिन वा कर्मचारीको सुरक्षाका दृष्टिले जोखिम हुने देखिएमा पहिलो पक्षले मेशिन फिर्ता बोलाउन सक्नेछ । सम्झौताका पक्षहरुबीच विवाद भएमा पहिलो पक्षले जुनसुकै बखत मेशिन फिर्ता बोलाउन सक्नेछ ।यी अवस्थाहरुमा दोस्रो पक्षले मेशिन फिर्ता पठाउनुपर्नेछ ।

छ) यान्त्रिक कारण, विपद वा काबु बाहिरको परिस्थिति परी मेशिन सञ्चालन वा प्रयोग नभएमा अपरेटर र दोस्रो पक्षले प्रमाणित गरी पहिलो पक्षलाई जानकारी गराई प्रमाणित गरी राख्नुपर्नेछ ।

ज) मेशिन दोस्रो पक्षले भाडामा लगिसकेपछि आपसी झगडा वा स्थानीय विवाद वा अन्य कुनै पनि कारणले सञ्चालन हुन नसकेमा र सो अवधिमा दोस्रो पक्षले मेशिन फिर्ता नपठाएमा दैनिक पाँच हजार रुपैयाँका दरले जरिवाना प्रथम पक्षको कार्यालयमा बुझाउनुपर्नेछ ।

झ) मेशिन भाडामा उपलब्ध गराए वापत दोस्रो पक्षले कार्यविधिमा उल्लेख भएको भाडा रकम कार्यालयमा तिर्नुबुझाउनु पर्नेछ र कर्मचारीको भत्ता समेत उपलब्ध गराउनुपर्नेछ ।

**पहिलो पक्षको तर्फबाट**

नाम थरः

दर्जाः

दस्तखतः

मितिः

छापः

**दोस्रो पक्षको तर्फबाट**

नाम थरः

दर्जाः

दस्तखतः

मितिः

छापः

**साक्षीः**

नगर प्रमुख

अनुसूची ४

दफा ९ को उपदफा (३) सँग सम्बन्धित

**मर्मत निवेदन फाराम**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
मुसिकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय
वामीटक्सार गुल्मी।

विषय ब्याक हो लोडर मर्मत सम्बन्धमा।

यस कार्यालयको ब्याक हो लोडरमा तपशीलमा उल्लिखित सामान वा पाटपुर्जामा खराबी आई सञ्चालन हुन नसकेकोले आवश्यक चेकजाँच गराई मर्मतको व्यवस्था गरिदिनुहुन सादर अनुरोध छ।

| समस्या आएका सामान वा पाटपूर्जाको नाम | परिमाण | सामान फेर्नुपर्ने वा मर्मत गरेमात्र हुने | |
|---|---|---|---|
| | | | |

मेशिन अपरेटरको दस्तखतः
नामः
मितिः

उपर्युक्त बमोजिमको सामान फेर्नुपर्ने वा मर्मत गर्नुपर्ने देखिएकोले सिफारिस गर्दछु।

सिफारिस गर्ने इन्जिनियरको दस्तखत................................
नाम.....................

.....................................
स्वीकृत गर्ने

अनुसूची ५

दफा ७ को उपदफा (४) तथा दफा ८ को उपदफा (१०) सँग सम्बन्धित

**ब्याक हो लोडर सञ्चालनको लगबुक**

**सवारी साधन नं.................. अपरेटरको नाम................................**

२०८२ साल ..................................................................महिनाको लगबुक

| मिति | कामको विवरण | शुरु अंक | अन्तिम घण्टा मिनेट | जम्मा घण्टा मिनेट | ईन्धन खपत अनुमानित | अन्य खर्च | अपरेटर को दस्तखत | अपरेटर सहायक को दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

.................................. ........................ ............................

सिफारिस गर्ने रुजु गर्ने प्रमाणित गर्ने